आज मिति २०७५ साल पौष २७ गते शुक्रवारका दिन बेलुका ५:३० बजे बागमती नगरपालिकाको प्रमुख श्री भरत कुमार थापा ज्यु को अध्यक्षतामा बागमती नगरपालिका , नगरकार्यपालिकाको बैठक बस्यौं । आजको उपस्थिती तपशिल बमोजिम रहेको छ ।

१. श्री भरत कुमार थापा – प्रमुख , अध्यक्ष

२. श्री लिला कुमारी मोक्तान – उप प्रमुख ,सदस्य

३ श्री गम्भिर सिँ पाख्रिन – वडा अध्यक्ष(१),सदस्य

४. श्री ङेमा लामा – वडा अध्यक्ष(२),सदस्य

५. श्री तिलक बहादुर मोक्तान – वडा अध्यक्ष(३),सदस्य

६. श्री कृष्ण कुमार लामा – वडा अध्यक्ष(४),सदस्य

७. श्री कृष्ण बहादुर वाईबा – वडा अध्यक्ष(५),सदस्य

८. श्री खड्ग बहादुर राई – वडा अध्यक्ष(६),सदस्य

९. श्री दुर्गा बहादुर हेञ्जन – वडा अध्यक्ष(७),सदस्य

१०. श्री मान बहादुर तामाङ – वडा अध्यक्ष(८),सदस्य

११. श्री राम बाबु दास – वडा अध्यक्ष(९),सदस्य

१२. श्री जुगेर कादिर – वडा अध्यक्ष(१०),सदस्य

१३. श्री प्रदिप आर्चाय – वडा अध्यक्ष(११),सदस्य

१४. श्री ओम बहादुर श्रेष्ठ – वडा अध्यक्ष(१२),सदस्य

१५. श्री रामवती कुश्वार – सदस्य

१६. श्री रुपा बोम्जन – सदस्य

१७. श्री विष्णु कुमारी कर्मचार्य – सदस्य

१८. श्री सुनिता सार्की – सदस्य

१९. श्री हिरा माया लोप्चन – सदस्य

२०. श्री चेतन विश्वकर्मा – सदस्य

२१. श्री पुर्ण बहादुर बि.क – सदस्य

२२. श्री सन्त बहादुर विश्वकर्मा –सदस्य

२३. श्री विमल कुमार पोखरेल – नि. प्रमुख प्रशासकिय अधिकृत ,सदस्य सचिव

२४. श्री विश्वराज पोखरेल – आमन्त्रीत ( आर्थिक प्रशासन शाखा प्रमुख)

२५. श्री राघव प्रसाद दाहाल – आमन्त्रीत ( जिन्सी शाखा प्रमुख)

प्रस्तावहरु :

प्रस्ताव नं १, ढुंगा, गिटी, वलुवा विकी वितरणको सिलबन्दि वोलपत्र स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं. २, घर भाडा वापतको रकम उपलब्ध गराउने सम्बन्धमा

प्रस्तव नं. ३, मन्टेश्वरी कक्षा सञ्चालन सहजकर्ता नियुक्ती सम्बन्धमा

प्रस्ताव नं. ४, नगर प्रोफाइल तथ्यांक संकलकको सेवा शुल्क सम्बन्धमा

निर्णय नं. १, प्रस्ताव नं. १ माथि छलफल गर्दा बागमती नदीको ढुंगा, गिटी , वालुवा संकलन, विकी र वितरण गर्न मिति २०७५।०९।०९ मा प्रकाशित सुचना वमोजिम पर्न आएका वोल पत्र मध्ये श्री ब्रहम वावा काष्ठ सप्लायर्स, पौराही, रौतहटको प्रस्ताव( कवोल अंक) सवै भन्दा वढी मुल्य अभिबृद्धि कर सहित रु. १८०,८५६५०।००(एक करोड असि लाख पचासी हजार छ सय पचास ) भएकोले सो प्रस्ताव स्वीकृत गर्ने र प्रथम किस्ता वापत तपशिल बमोजिम ४० प्रतिशत रकम बुझाई तथा बांकी ६० प्रतिशत रकम वरावरको बैंक जमानत सहित १५( पन्ध्र) दिन भित्र सम्झौता गर्न आउन पत्राचार गर्ने निर्णय गरियो । दोस्रो किस्तावापतको रकम ३० प्रतिशत २०७५ चैत्र १५ गते भित्र र तेस्रो किस्ता वापतको रकम २०७६ बैशाख मसान्त भित्र बुझाउनु पर्ने शर्त र अन्य सम्पुर्ण शर्तहरु खुलाई सम्झौता गर्ने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

| सि. नं. | ठेक्काको किसिम र परिमाण | स्वीकृत कवोल अंक (मूल्य अभिवृद्धि कर सहित ) रु. | प्रथम किस्ता वापत यस नगरपालिकाको एन.आइ.सि. एशिया, हरिऔन शाखाको सञ्चित कोष खाता नं. **45CA052639552401** जम्मा गरि सक्कल भौचर पेश गर्ने । रकम रु. | आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नु पर्ने मु.अ.कर वापतको रकम रु.( प्रथम किस्ता वापत मु.अ.कर) | "क" वर्गको बैंकको बैंक जमानत रु. |
|---|---|---|---|---|---|
| १. | बागमती नदि क्षेत्रको नदी जन्य पदार्थ (ढुंगा, गिटी, वालुवा) संकलन,उत्खनन तथा विक्री वितरण ,इ आइ ए समेतको आधारमा नगरस्तरीय अनुगमन समितिले निर्धारण गरेको क्षेत्रबाट जम्मा ४००००००(चालिस लाख) घन फिटको परिमाण । | १८०,८५६५०।०० (एक करोड असि लाख पचासी हजार छ सय पचास ) | ६४०२०००। (चौसठी लाख दुइ हजार ) प्रथम किस्ता | ८३२२६०।०० (आठ लाख वत्तिस हजार दुई सय साठि ) प्रथम किस्ता वापतको मु.कर दाखिला गरेको रसिद पेश गर्नु पर्ने | १०८५१३९०।०० (एक करोड आठ लाख एकाउन्न हजार तीन सय नब्बे) २(दुई)वर्ष अबधिको बैक जमानत) |

निर्णय नं २, प्रस्ताव नं. २, घर भाडा वापतको रकम उपलब्ध गराउने सम्बन्धमा छलफल गर्दा उपप्रमुख श्री लिला कुमारी मुक्तानज्यूले न्यायिक समितिको संयोजकको समेत कार्य गर्नु पर्ने भएको, कार्यलय समय भन्दा बाहेक पनि छलफल, मिलापत्र, गुनासो सुनवाई कार्यमा संलग्न हुनु पर्ने भएकोले कार्यालय भन्दा बाहिर समेत कोठाको व्यवस्था गरि न्यायिक समितिले सम्पादन गर्नु पर्ने कार्य गर्दै आउनु भएकोले उप्रप्रमुख ज्यूले घर धनीसंग गरेको सम्झौता बमोजिम सम्झौता मिति देखि हाल सम्मको रकम उपप्रमुख ज्यूको सिफारिशमा घर धनीको बैंक खातामा उपलब्ध गराउने र अव उप्रान्त उपप्रमुख ज्यूको सिफारिशमा प्रत्येक ३(तीन) महिनामा घर भाडा उपलब्ध गराउने  निर्णय गरियो ।

निर्णय नं. ३, प्रस्ताव नं. ३,  मन्टेश्वरी कक्षा सञ्चालन सहजकर्ता नियुक्ती सम्बन्धमा छलफल गर्दा नगरपालिकाका विभिन्न विद्यालयहरुमा मन्टेश्वरी कक्षा सञ्चलन गरिएको र सो कक्षा सञ्चालनमा सहजकर्ता श्री रञ्जना मग्रातीलाई दैनिक हाजिरीमा सेवा शुल्क दिइदै आएकोमा निजको कार्य सम्पादन सन्तोषजनक रहेको र मन्टेश्वरी कक्षा सञ्चालन, अनुगमन, तालिम , प्रशिक्षण समेतलाई आवश्यक भएकोले निजलाई मासिक रु.१८०००।०० ( अठार हजार) उपलब्ध गराउने गरि मन्टेश्वरी कक्षा सञ्चालन सहजकर्तामा करार

सम्झौता गर्ने निर्णय गरियो । हाल सम्म निजलाई दैनिक हाजारिको आधारमा उपलब्ध गराइएको सेवाशुल्क वापतको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४,प्रस्ताव नं. ४ माथि छलफल गर्दा नगर प्रोफाइल तयार गर्ने कार्यमा खटिएका तथ्यांक संकलन कर्ताको सेवा शुल्क प्रति घर धुरी रु. ३५ हुने र सो संकलकहरु खटाउन अधिकार नगर प्रोफाइल समन्वय कर्ता श्री विनोद भ्लोनलाई दिने निर्णय गरियो । नगर प्रोफाइल समन्वय कर्ता श्री विनोद भ्लोनको सम्झौताको म्याद २०७५।४।१ देखिनै लागु हुने गरी २०७५ माघ मसान्त सम्म थप गर्ने  र सेवा  शुल्क वापत प्रदान गरिदै आएका मासिक रु. २५,०००( पचिस हजार) समर्थन गर्ने र २०७५ पौष महिना देखि निजको सेवा शुल्क प्रति महिना रु.२००००।००( वीस हजार) को दरले उपलब्ध गराउने निर्णय गरियो ।